# वार्षिक स्थिति प्रतिवेदन

## (Annual Status Report)

२०७७/०७८



प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# मातृशिशु मितेरी अस्पताल, कास्की

गण्डकी प्रदेश, नेपाल

## Hospital major indicators

| SN | Indicators | 073/074 | 074/075 | 075/076 | 076/077 | 077/078 |
|---|---|---|---|---|---|---|
| 1 | Total delivery | 168 | 412 | 588 | 574 | 709 |
| 2 | LSCS Delivery | 41 | 95 | 128 | 134 | 236 |
| 3 | Vaccume Delivery | 12 | 17 | 24 | 12 | 5 |
| 4 | Normal Delivery | 115 | 300 | 436 | 428 | 468 |
| 5 | Total OPD services | 8234 | 11866 | 18493 | 21142 | 22666 |
| 6 | Hospital LSCS rate | 24.40 | 23 | 21.76 | 21.76 | 33.28 |
| 7 | Hospital Beds occupancy rate | 21 | 36 | 51 | 32 | 27 |
| 8 | Average length of stay in Hospital | 2 days | 2.05 | 2.25 | 2.10 | 2.1 |
| 9 | Total Laboratory test | 23123 | 46308 | 59365 | 86133 | 91990 |
| 10 | Average number of laboratory test per day | 73 | 127 | 190 | 216 | 224.5 |
| 11 | Average number of radiographic image per day | 3.8 | 9.3 | 13.3 | 13.5 | 17.4 |
| 12 | Total USG service | 1043 | 2685 | 3844 | 3888 | 5639 |
| 13 | Average number of USG per day | 2.9 | 7.3 | 10.5 | 10.7 | 15.4 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 14 | % of Emergency services among total OPD | 21 | 22 | 19 | 18 | 10.75 |
| 15 | Hospital maternal death | 0 | 0 | 0 | 0 | 0 |
| 16 | Througput | 40 | 69 | 90 | 60 | 45 |
| 17 | Inpatient sex ratio | 1:3.59 | 1:6.86 | 1:11.39 | 1:7 | 1:5.53 |
| 18 | OPD patient sex ratio | 1:1.21 | 1:1.55 | 1:1.77 | 1:1.76 | 1:1.93 |
| 19 | Percentage of popn utilizing OPD service* | 33 | 45 | 71 | 81 | 84 |
| 20 | Doctor OPD patient ratio | 845 | 966 | 1579 | 1504 | 1273.4 |
| 21 | Doctor Inpatient ratio | 52 | 71 | 91 | 82 | 107.9 |
| 22 | Nurses Inpatient ratio | 26 | 45.5 | 58 | 41 | 53.95 |

* compare on ward 16 population

☎ : ०६१-५३५०९५
☎ : ०६१-५३५०९५
📠 : ०६१-५३५०९५

प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

मितिः २०७८/०४/२५

# शुभकामना

मातृशिशु मितेरी अस्पतालको पोखरा १६ बाटुलेचौरको आ.व.२०७७।०७८ को विस्तृत वार्षिक प्रतिवेदन प्रकाशन हुन गइरहेको खवर सुन्न पाउँदा खुसि लागिरहेको छ ।

त्यसमा पनि अस्पतालको आफनो पहलमा वेभपेज www.msmhospital.gov.np समयमै निर्माण गरि विगतका आ.ब.मा अस्पतालको उपलब्ध बजेट, जनशक्ति, मेसिन तथा उपकरणहरु र सेवाहरुको स्थिति झल्कने बार्षिक प्रतिबेदन तयार गरि हरेक आ.ब.मा प्रकाशित गरि वेभपेज मा अपडेट गरि आएको प्रशंशनिय कार्य प्रति हार्दिक धन्यबाद ब्यक्त गर्दछु ।

गण्डकी प्रदेश सरकारले मातृशिशु मितेरी अस्पताल लगायत गण्डकी प्रदेश मातहतका सबै अस्पतालहरुको भौतिक तथा गुणस्तर सुधारमा ठूलो लगानी गरेको छ । जसमध्ये भौतिक पूर्वाधार बिकाश, आवश्यक मेसिन तथा उपकरणहरुको ब्यबस्था, अक्सिजन प्लान्ट निर्माण, कोभिड ब्यबस्थापनको लागि छुट्टै वार्ड स्थापना तथा अक्सिजन पाइपलाइन जडान सहितको एच.डि.यु.बेडहरु र अत्याधुनिक मेसिन उपकरणहरु सहितको ५ बेडको आई.सि.यु. स्थापना लगायतका सम्पन्न भएका योजनाहरुले प्रदेशतहका अस्पतालहरुको मुहारफेरी गण्डकी प्रदेशका नागरिकहरुको स्वास्थ्य संबेदनशिलतामा आफनो दायित्व बहन गरेको प्रमाणित भएको छ ।

नागरिकहरुले सरकारले गरेको लगानी तथा कार्यहरुको सुसुचित हुन पाउने हकको संबोधनकोलागि हरेक स्वास्थ्य संस्थाहरुले आ.ब. भित्र आफुले गरेका कार्यहरुको स्थिति, बजेट खर्च, जनशक्ति,आपूर्ति ब्यवस्था, मेसिन तथा उपकरणको प्रभावकारिता बारे प्रतिबेदन मार्फत पारदर्शिता देखाउनु अनिबार्य छ ।

मातृशिशु मितेरी सरकारी अस्पताल स्थापना वर्ष देखि कमस सेवामा क्षमता बिस्तार हुदै सेवाग्राही नागरिकहरुको सेवा प्रवाहमा मन जित्न सफल हुदै गएकोमा अस्पताल ब्यबस्थापन समिति, नि.मे.सु तथा चिकित्सक, नर्सिङ तथा स्वास्थ्यकर्मीहरु लगायत अस्पताल परिबारलाई धन्यबाद दिन्छु । यसैगरि अस्पतालको मेडिकल रेकर्डिङ प्रणाली व्यवस्थित हुँदै गएकोमा हार्दिक आभार व्यक्त गर्दछु ।

अन्तमा अस्पतालको गुणस्तर सुधार र आन्तरिक ब्यबस्थापनमा अझ सफलता मिलोस भनि सरोकारबालाहरु, राजनैतिक नेतृत्व, स्थानिय लब्ध प्रतिष्ठित ब्यक्तित्वहरु, सेवाग्राहीहरु, नागरिक समाजका अगुवाहरु, अस्पताल ब्यबस्थापन समिति सबैमा शुभकामना ब्यक्त गर्दछु ।

डा. बिनोद बिन्दु शर्मा
सचिव

सचिव

फोन : ०६१ ५२०३९०, ५२००६८
टोल फ्री नं. : १०९२

प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

पत्रसंख्या : २०७७।०७८
चलानी नं. :



## शुभकामना सन्देश

यस मातृ शिशु मितेरी अस्पतालले तयार गरेको आर्थिक वर्ष २०७७/०७८ को स्थिति प्रतिवेदन प्रकाशित गर्न पाउँदा म अत्यन्तै हर्षित छु। अस्पतालले प्रदान गरेको समग्र स्वास्थ्य सेवाको बारेमा जानकारी दिनुका साथै अस्पतालमा यस आ.व. मा भएका गतिविधि यस वार्षिक प्रतिवेदनमा समावेश भएको कुरामा म विश्वस्त छु।यस कार्यले संस्थामा देखा परेका प्रमुख चुनौति तथा समस्याहरु र तिनका उपायहरुलाई केलाउन मद्धत प्रदान गर्नेछ।

यस प्रतिवेदनले मुख्यतया मातृ तथा नव शिशु स्वास्थ्य सेवाका सूचाङ्कहरुको अवस्था चित्रण गरेकोमा म बधाई दिन्छु।यस प्रतिवेदनका तथ्याङ्कहरुले आगामी दिनमा निति नियम तर्जुमा एवं तिनको कार्यान्वयन गर्न भरपर्दो दस्तावेजको रुपमा काम गर्नेछ भन्ने कुरामा पनि म विश्वस्त छु।

यस प्रतिवेदनलाई मूर्त रुप दिन अनवरत रुपमा क्रियाशिल रही उल्लेखनिय भूमिका निर्वाह गर्ने सम्पूर्ण व्यक्तिहरु प्रति हार्दिक कृतज्ञता प्रकट गर्न चहान्छु।

मिति : २०७८ भाद्र

.............................
खिम बहादुर खड्का
निर्देशक

**अस्पताल ब्यबस्थापन समितिका अध्यक्षको सन्देश :**

मातृशिशु मितेरी अस्पताल, मिति २०६९ सालमा स्थापना भएको १५ शैयाको सामुदायिक अस्पतालको
समायोजन र बाटुले चौर स्वास्थ्य चौकीको स्तर उन्नतिबाट मिति २०७२ आश्विन २२ मा स्थापना भएको
हो । पोखराको उत्तरीभेकमा रहेको यो अस्पताल साबिकको पोखरा उपमहानगरपालिका र जापानको
कोमागाने शहरको भगिनी संबन्धको प्रतिकको रुपमा पनि परिचित छ ।

स्थापनाकाल देखिनै बिभिन्न आरोह अबरोह पारगर्दै आएको यस अस्पतालको मुख्य उद्देश्य भनेको गर्भवति
र सुत्केरी महिला तथा बालबालिकालाई गुणस्तरिय सेवा प्रदान गरि दिगो स्वास्थ्य सेवा प्रबर्धन गर्दै
मातृशिशु मृत्यु शुन्यमा झार्नु रहेको छ ।

आर्थिक बर्ष २०७७।०७८ मा अस्पतालमा धेरै भौतिक संरचनाहरु निर्माण भएका छन । त्यसका साथै
अस्पतालबाट प्रदानगरिने सेवाहरु समेत बिस्तार गरिएको छ । ब्यबस्थित र गुणस्तरिय प्रयोगशालाको
ब्यबस्थापन भएको छ । यो बर्ष हामीले केहि रचनात्मक कामहरु गरेका छौ । भौतिक संरचना निर्माण
गर्नुमात्र बिकाशको आधार हो भन्ने हाम्रो परम्परागत मान्यतालाई चिर्दै बनाएको भौतिक संरचनाले सबै
बर्ग पक्ष र अबस्थाको संबोधन भएको हुनुपर्छ र बनेका संरचनाको सहिरुपमा प्रयोगहुनु पर्छ भन्ने
मान्यताका साथ केहि तालिमहरु जस्तै इन्फेक्सन नियन्त्रण, फोहरमैला ब्यबस्थापन, बालरोगको
ब्यबस्थापन, आपतकालिन ब्यबस्थापन समेतको आयोजना भएका छन । निर्मित संरचना बालमैत्री ,
महिला मैत्री र अपाङग मैत्री हुनुपर्छ भन्ने तथ्यलाई मध्येनजर गर्दै भौतिक संरचना निर्माण भएका छन
।

अस्पतालबाट गुणस्तरिय सेवा प्रदान गर्दै आएकोले दिन प्रतिदिन सेवाग्राहीहरुको संख्यामा समेत बृध्दि
भएको यस प्रतिबेदनमा प्रस्तुत गरिएका तथ्याङकले पुष्टि गरेको छ । बालमैत्री सेवा प्रदान गर्नकालागि
महिनामा ४ पटक हरेक महिनाको २,९,१६,२४ गते खोप कार्यक्रम सन्चालन गरिएको छ । महिला मैत्री
सेवा प्रदान गर्नाकालागि २०७८ भाद्र देखि प्रत्येक बुधबार महिलाको पाठेघरको मुखको क्यान्सर संबन्धी
सचेतना तथा परिक्षण कार्यक्रम अभियान संचालन गरिएको छ ।

बिश्व महामारीको रुपमा २०७६ चैत्रदेखि फैलदै आएको कोरोना भाइरस ( कोभिड १९ ) ले स्वास्थ्य
क्षेत्रमा नकारात्मक असर पारेको छ । यसका कारण हामीले स्वास्थ्यकर्मी लगायत आफन्तजन गुमाउनु
परेको छ । यो परिस्थितिमा अस्पताल ब्यबस्थित रुपमा सन्चालन गर्नु भनेको त्यति सहज छैन । यो सेवा
मानव जीवन संग प्रत्यक्ष जोडिएकोले कहिले घटनाको सामना , भौतिक संरचना निर्माण, बिशेषज्ञ
चिकित्सकको ब्यबस्थापन, कर्मचारी तथा अस्पतालमा आबश्यक उपकरणको ब्यबस्थापन कोरोना महामारी
यी सबै चुनौतिहरुलाई पन्छाउदै हामी यो अबस्थामा आइपुगेका छौ ।

बार्षिक प्रतिबेदन भनेको अस्पतालको ऐना हो । जसलाई हेर्यो भने अस्पतालको चित्र देखिन्छ । यस
बिषम परिस्थितिमा पनि हामी एकसाथ भएर अस्पताललाई यो अबस्थामा ल्याउन सघाउने ब्यबस्थापन

समितिका सदस्य ज्युहरु, निमित्त मे.सु., प्रतिबेदन तयार पार्ने समूह, अस्पतालका चिकित्सक, नर्सिङ तथा संपुर्ण स्वास्थ्यकर्मीहरु सबैलाई हार्दिक धन्यबाद छ ।

यो बाषिक प्रतिबेदनले निरन्तरता पाओस । यसलाई तयार पार्ने संयोजनको पूर्ण भुमिका निर्बाह गर्नुहुने अस्पतालमा कार्यरत बरिष्ट मेडिकल रेकर्डर निरीक्षक अधिकृत सातौ  लक्ष्मण शर्मा पौडेल ज्यूलाई बिशेष धन्यबाद दिन चाहान्छु ।

..........................

उषा बरुवाल

**अध्यक्ष**

# अस्पताल प्रमुखको सन्देश

मातृशिशु मितेरी अस्पतालको आ. व २०७७/७८ को वार्षिक प्रतिवेदन सम्प्रेषण गर्न पाउँदा अत्यन्तै गौरवान्वित महसुस गरेको छु । गण्डकी प्रदेश सरकारको एक महत्वपुर्ण क्षेत्रको रुपमा रहेको स्वास्थ्य सेवा सुधार र स्तरोन्नतिमा यस अस्पतालको पनि भूमिका र योगदान रहेको कुरा जगजाहेर नै छ । स्वास्थ्य सेवाका सुचान्कहरु सहि दिशामा बढिरहेको र गण्डकी प्रदेश सरकार र नेपाल सरकारको लक्ष्य तर्फ लम्किरहेको देख्न पाउँदा खुशीको अनुभव गरेको छु ।

यो वार्षिक प्रतिवेदनले यस अस्पतालले गत आर्थिक वर्ष भरिको अवधिमा गरेका महत्वपुर्ण क्रियाकलापहरु समेटेको छ । यस प्रतिवेदनमा प्रस्तुत गरिएका तथ्यांक र सुचान्कहरु HMIS र अन्य श्रोतबाट साभार गरिएको छ । यो प्रतिवेदनले गण्डकी प्रदेश र यस अस्पतालको स्वास्थ्य नीति, योजना, स्वस्थ सेवाको पहुँच र उपलब्धिका बारेमा पनि प्रकाश पारेको छ । यस अस्पतालको प्रगतिको लागि विभिन्न दृष्टिकोणले सहयोग पुर्याउनु हुने नेपाल सरकारको विभिन्न निकाय, गण्डकी प्रदेश सरकारको विभिन्न निकाय, अस्पताल व्यवस्थापन समिति पदाधिकारीहरु, विभिन्न सघसस्थाहरुलाइ यहाँहरुको सहयोगको उच्च मुल्याकन गर्दै हार्दिक आभार प्रकट गर्दछु ।

अन्त्यमा यो वार्षिक प्रतिवेदन तयार गर्नका लागि प्रमुख भुमिका खेल्नुहुने मेडिकल रेकर्ड शाखाका वरिष्ठ मेडिकल रेकर्डर निरिक्षक श्री लक्ष्मण शर्मा पौडेल, साथै प्रसुती तथा स्त्री रोग शाखा, प्रशासन शाखा, स्वास्थ्य बिमा शाखा, आकस्मिक शाखा, प्रयोगशाला शाखा, फार्मेसी शाखा, SNCU शाखा लगायतका चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारीहरुमा हार्दिक आभार प्रकट गर्दछु ।

.................................................

डा. पुस्कर पौडेल

नि. मेडिकल सुपरिटेण्डेण्ट

# विषय सूची


| | | |
|---|---|---|
| १. | पृष्ठभूमी | १ |
| २ | स्थिति विश्लेषणको उद्धेश्य | १ |
| ३ | स्थिति प्रतिवेदन निर्माण प्रक्रिया | १ |
| ४ | अस्पताल व्यवस्थापन समिति पदाधिकारीहरु | २ |
| ५ | अस्पतालमा सरकारी जनशाक्ति विवरण | २-३ |
| ६ | अस्पताल व्यवस्थापन समिति अर्न्तगत कार्यरत कर्मचारीहरु | ३-४ |
| ७ | हालको अस्पतालको सेवा भवन र जमिन | ४ |
| ८ | मुख्य-मुख्य मेसिन तथ उपकरणहरु | ४-५ |
| ९ | कुल बजेट तथा खर्च विवरण | ५ |
| १० | प्रदेशबाट प्राप्त बजेट | ५ |
| ११ | अस्पतालको गुणस्तर तथा सेवा सुदृढिकरण बजेट तथा खर्च | ५-६ |
| १२ | Hospital Management committee | ६-७ |
| १३ | Hospital Beds | ७ |
| १४ | Available Hospital Services | ७-८ |
| १५ | अस्पतालका मुख्य विभागहरु | ८ |
| १६ | तथ्यांक तथा सुचनाहरुको प्रस्तुति | ९ |
| १७ | Delivery Trend | १० |
| १८ | Investigation Services | ११ |
| १९ | Laboratory Services | ११ |
| २० | Hospital Indicators | ११-१२ |
| २१ | OPD Morbidity Fy 077-078 | १३-१४ |
| २२ | Top Ten Inpatient Morbidity & Mortality | १४ |
| २३ | Delivery Classified by Caste/Ethnicity 077-078 | १५ |
| २४ | विशेष प्राथमिकता साथ सम्पन्न भएका कार्यहरु | १६ |
| २५ | कार्यालयको प्राथमिकतामा रहेका कार्यहरु | १६ |
| २६ | समग्र कार्यहरुको प्रमुख उपलब्धीहरु | १६ |
| २७ | समस्या र चुनौतीहरु | १७ |
| २८ | समस्या र चुनौतीहरु सामना गर्न गरिएका प्रयासहरु | १७ |
| २९ | सिकिएका पाठहरु | १७ |
| ३० | आगामी कार्ययोजनाहरु | १७-१८ |
| ३१ | निस्कर्ष | १८ |
| ३२ | अस्पतालका केही तस्विरका झलकहरु | १९-२६ |

**प्रतिबेदनको सारांसः**

मातृशिशु मितेरी अस्पताल आमा र शिशुको सामान्य तथा जोखिमपुर्ण स्वास्थ्यको तत्काल उपचार व्यबस्थापन गरि जोखिमको अबस्थाबाट बचाउने मुख्य उद्धेश्य हासिल गर्न अगाडि बढिरहेको छ । यसकोलागि चौबिसै घण्टा नियमित तथा आकस्मिक सुत्केरी सेवा, नवजात शिशुको बिशेष उपचार सेवा र प्रयोगशाला सेवा उपलब्ध छ । उपचारबाट अधिकास सेवाग्राहीहरु सन्तुष्टीभई गएका छन । त्यसैले त स्थानिय मात्र नभई कास्की जिल्ला बाहिरका अन्य जिल्लाहरु बाट सेवाग्राहीहरु पनि यस अस्पतालमा सेवालिन आएको अबस्था छ ।

आमा र शिशुको अस्पताल भएरपनि यस अस्पतालमा सामान्य चिकित्सा, हाडजोर्नी तथा नशा रोगको बिशेषज्ञ सेबा, स्त्रीरोगको बिशेषज्ञ सेवा र बालरोगको बिशेषज्ञ सेवा सन्चालन भइरहेको छ । स्वास्थ्य बिमा सेवा आ.ब. २०७३।०७४ देखि नियमित छ । कोभिड आइसोलेसन बार्ड,प्रयोगशालामा आबश्यकताका आधारमा एन्टीजोन परिक्षणको ब्यबस्था छ ।

सरकारी अस्पतालकोरुपमा उदघाटन बर्ष आ.ब. २०७३।०७४ देखि गत आ.ब.२०७७।०७८ सम्ममा मातृशिशु मितेरी अस्पतालको नियमित तथा आकस्मिक सुत्केरी सेवाका सेवाग्राहीको संख्यामा भारी बृध्दिहुदै गैरहेको छ । आ.ब. २०७३।०७४ मा १६८ मात्र कुल सुत्केरी सेवाग्राही भएकोमा आ.ब. ०७४।०७५ मा कुल ४१२, आ.ब.०७५।०७६ मा कुल ५८८, ०७६।०७७ मा कुल ५७४ र ०७७।०७८मा ७०९ जना सेवाग्राहीहरुले सुत्केरीभई सेवापाएको अबस्था छ । यसरी सुत्केरीहुने सेवाग्राहीहरुको संख्यामा क्रमस बृध्दिहुदै गैरहेको छ ।

**बिगतका बर्षहरुमा सुत्केरी सेवालिन आउने कुल सेबाग्राहीहरुको तथ्याँङक बिबरणः**

| आ.ब. | आ.ब. ०७३/०७४ | आ.ब.०७४/०७४ | आ.ब.०७५/०७६ | आ.ब.०७६/०७७ | आ.ब.०७७/०७८ |
|---|---|---|---|---|---|
| सेवाग्राही नं | १६८ | ४१२ | ५८८ | ५७४ | ७०९ |

जाइका पबलिक प्राइभेट पाटनरसिप प्रोजेक्टको २०२० मा गरिएको एक अध्ययन प्रतिबेदनका अनुसार मातृशिशु मितेरी अस्पतालले उपलब्ध गराएको सेबामा ९५ प्रतिशत सेबाग्राहीलाई सन्तुष्टतुल्याएको छ भने सबै नागरिकलाई सहज स्वास्थ्य सेबाको पहुच उपलब्ध गराएको प्रतिबेदनले देखाएको छ । लक्षितसमूहका नागरिकहरुले सहजरुपमा सेबापाएको अबस्था छ । अर्कोतर्फ यो अस्पतालले कोभिड१९ को जोखिमपुर्ण अबस्थामा पनि सेबाहरु नियमित र प्रभाबकारी रुपमा उपलब्ध गराएको बिरामीका अभिभाबकको सन्तुष्टी कलम स्तम्भमा उल्लेख छ ।

प्रयोगशालामा ०७३/०७४ मा कुल २३१२३ परिक्षण भएको थियो भने आ.ब. ०७४/०७५ मा बृध्दिभई ४६३०८ पुगेको थियो भने आ.ब. २०७५/०७६ मा भारी बृध्दिभई ५९३६५ संख्यामा परिक्षण सम्पन्नभएको थियो । ०७६।०७७ आ.ब.मा प्रयोगशालामा ८६१३३ परिक्षण सम्पन्न भएको थिया यसैगरि आ.ब. ०७७।०७८ मा प्रयोगशालामा ९१९९० परिक्षण सम्पन्न भएको देखिन्छ ।

यस अस्पतालको बहिरङग सेबामा आ.ब. २०७३/०७४ मा कुल ८२३४ जनाले सेबा लिएका थिए भने ०७४/०७५ मा ११८६६ जना ०७५/०७६ मा १८४९३ जना र ०७६।०७७ मा २११४२ जना र आ.ब. ०७७।०७८मा २२६६६ जनाले सेबालिएको देखिन्छ । यसरी बहिरङग सेबामा हरेक बर्ष सेबाग्राही बृध्दि भएको देखिन्छ ।

यस अस्पतालमा आकस्मिक बिभागमा ०७३/०७४ आ.ब.मा ३६३ जनाले सेबालिएका देखिन्छ भने ०७४/०७५मा ६३७ र आ.ब. २०७५/०७६मा ३५७९ जना र ०७६।०७७ मा ३७९२ जना र ०७७।०७८ मा २४३७ जनाले सेबालिएको देखिन्छ । यसरी हेर्दा हरेक बर्ष आकस्मिक सेबालिने बिरामहिरु बृध्दि भइरहेको अबस्था छ तर ०७७।०७८मा कोभिडको कारणले आकस्मिक सेबालिने संख्यामा कमि आएको छ ।

भर्नाभई डिस्चार्ज भएका बिरामी ०७३/०७४ आ.ब.मा ३६३ जनामात्र थिए भने ०७४/०७५ मा ६३७ जनाले सेबा लिएको देखिन्छ भने ०७५/०७६ आ.ब. मा ८१८ र ०७६।०७७ मा ८२२ जना र ०७७।०७८मा  १०७९ जनाले सेबालिइ डिस्चार्ज भई गएको देखिन्छ ।

तथ्याङकीय बिश्लेषण गरिहेर्दा अस्पतालमा ब्यापक सुधार आएको देखिन्छ । कुशल नेतृत्व तथा व्यबस्थापन, सक्षम जनशक्तिको टिम,आबश्यक मेसिनतथा उपकरणहरु क्रमस उपलब्ध हुदैजानु, बजेटको उपलब्धतामा बृध्दि आदि कारणले मातृशिशु मितेरी अस्पताल साच्चिकै गुणस्तरिय देखिएको छ ।

# वार्षिक स्थिति प्रतिवेदन
## (Annual Status Report)
## २०७७/०७८

## पृष्ठभूमि

आमा र नवजात शिशुको जोखिमपुर्ण स्वास्थ्यको तत्कालै व्यवस्थापन गरी आवश्यक उपचार मार्फत मृत्युहुनबाट बचाउने सरकारको मुख्य प्राथमिकतामा रहेको छ। यसै सन्दर्भमा पोखराको उत्तरी भेकका गर्भवती, सुत्केरी आमाहरु र नवजात शिशुहरुको स्वास्थ्यलाई नागरिक कै पायक पर्ने ठाउमा व्यवस्थापन गर्न मिति २०७२ साल आश्विन २२ गते स्वीकृत भई प्रसुति तथा स्त्रीरोग र बालरोग विशेषज्ञ सहितको सरकारी मातृशिशु मितेरी अस्पतालको नामले सन्चालनमा आएको छ । यो अस्पताललाई विधिवत रुपमा महामहिम राष्ट्रपति बिद्यादेवि भण्डारी ज्युद्धारा मिति २०७३ साल आश्विन १२ गते उद्घाटन गरिएको हो । यो अस्पताल पोखरा महानगरपालिका वडा नं १६ बाटुलेचौरमा पर्दछ। यो अस्पताल पोखराको मुख्य बजार महेन्द्रपुल देखि करिब ५ किलोमिटर दुरीमा रहेको छ । यो अस्पताल बाटुलेचौर स्वास्थ्यचौकीलाई स्तरउन्नति र मातृशिशु मितेरी सामुदायकि अस्पताललाई समायोजन गरी बनाइएको हो । स्थापनाकाल देखि नै २५ शैया स्वीकृत भई यो अस्पतालमा आकस्मिक तथा नियमति प्रसुति संबन्धी अपरेशन सेवा समेत सुचारु छ । हाल यो अस्पतालमा नवजात शिशुको विशेष उपचार सेवा र कोभिड सेवा समेत चालु अवस्थामा रहेको छ।

### स्थिति विश्लेषणको उद्धेश्य

हरेक बर्ष सरकारी स्वास्थ्य संस्थामा सरकारले लगानी गरेको हुन्छ। लगानी गरे अनुरुपको परिणाम पाउन सकियो सकिएन। स्वास्थ्य संस्थाको बास्तविक स्थिति के छ। जनशक्ति, आवश्यक बजेट, मेसिन तथा उपकरणहरुको व्यवस्थापन भए नभएको थाहा पाई समयमा नै कार्ययोजना बनाई कार्यन्वयन गर्नुपर्ने हुन्छ। अतः स्वास्थ्य संस्थाको वास्तविक अवस्था बुझि समस्याहरुको समय मै पहिचान गरी त्यसको समाधानको कार्ययोजना बनाइ कार्यान्वयन गर्दै अगाडि बढनु नै स्थिति बिश्लेषणको उद्धेश्य हो ।

### स्थिति प्रतिवेदन निर्माण प्रकिया

अस्पतालमा रहेका बिभिन्न शाखा प्रमुखहरुको सहभागितामा आ.ब. २०७७/०७८ मा अस्पतालले गरेको कार्य सम्पादनहरु संकलन, उदाहरणीय राम्रा कामहरुको संकलन , सेवाहरुको तथ्यांक, सेवाहरुको

सन्चालन मा आइपरेका कठिनाइहरु समस्या समाधानका उपायहरुको बारेमा व्यापक छलफल गरी यो बार्षिक स्थिति प्रतिवेदन तयार पारिएको छ ।

**अस्पताल व्यवस्थापन समितिका पदाधिकारीहरु**

क. अध्यक्षः- उषा बरुवाल
ख. सदस्यः- दामु अधिकारी
ग. " पुष्पराज तिमिल्सिना
घ. " डा.बर्षा कुँवर
ङ. " सृजना कार्की भट्टराई
च. सदस्य सचिवः डा.पुष्कर पौडेल

**अस्पतालको सरकारी जनशक्ति बिवरण**

| क.स | स्वीकृत दरबन्दी | संख्या | पदपुर्ति | हाल कार्यरत | कैफियत |
|---|---|---|---|---|---|
| १ | मेडिकल सुपरिन्टेण्डेन्ट (बरिष्ट प्रसुति तथा स्त्रीरोग बिशेषज्ञ) | १ | ० | ० | |
| २ | बालरोग बिशेषज्ञ | १ | ० | ० | |
| ३ | कन्सल्टेण्ट MDGP | | | | |
| ४ | मेडिकल अधिकृत | ४ | ३ | १ | १अन्यत्र कामकाज, १ अध्ययन |
| ५ | मे.रे.अ. | १ | १ | १ | |
| ६ | नर्सिङ अधिकृत | १ | १ | १ | |
| ७ | हाउस किपिङ | १ | ० | ० | |
| ८ | हे.अ. | २ | २ | २ | |
| ९ | स्टाफ नर्स | ५ | ५ | ५ | |
| १० | फार्मेसी सहायक | १ | ० | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | एनेस्थेसिया सहायक | १ | ० | ० | |
| १२ | रेडियोग्राफर | १ | ० | ० | |
| १३ | ल्याब टेक्निसियन/असिस्टेण्ट | २ | १ | १ | |
| १४ | लेखापाल | १ | १ | १ | |
| १५ | सि.अ.न.मी/अ.न.मी. | ५ | ५ | ५ | |
| १६ | अ.हे.व. | ३ | २ | २ | |
| १७ | नायब सुब्बा | १ | १ | १ | |
| १८ | ड्राईभर | १ | ० | ० | |
| १९ | कार्यालय सहायक | ६ | १ | १ | |
| | **जम्मा** | **३८** | **२३** | **२१** | |

बिश्लेषण:

- दरबन्दीका स्त्रीरोग र बालरोग बिशेषज्ञ चिकित्सकको दरबन्दी रिक्त
- अस्पतालमा ४ मे.अ.को दरबन्दी भएपनि १ जनामात्र कार्यरत भएको अबस्था ।

**अस्पताल ब्यवस्थापन समिति तर्फका कार्यरत कर्मचारीहरु**

| **क.स** | **पद** | **संख्या** | **कैफियत** |
|---|---|---|---|
| १ | प्रसुति तथा स्त्रीरोग विशेषज्ञ | १ | |
| २ | बालरोग विशेषज्ञ | १ | |
| ३ | मेडिकल ल्याब टेक्नोलोजिष्ट | १ | |
| ४ | स्टाफ नर्स | ४ | |
| ५ | स प्रशासक | १ | |
| ६ | अ.हे.ब | ३ | |

| | | | |
|---|---|---|---|
| ७ | रेडियोग्राफर | १ | |
| ८ | अ.न.मी. | ४ | |
| ९ | सह लेखापाल | १ | |
| १० | ल्याब असिष्टेन्ट | २ | |
| ११ | ड्राईभर | २ | |
| १२ | सुरक्षा गार्ड | ३ | |
| १३ | स्वीपर/सरसफाई | ६ | |
| १४ | फार्मेसी सहायक | ३ | |
| १५ | प्लम्बर | १ | |
| १६ | इलेक्ट्रिसिएन | १ | |
| १७ | कार्यालय सहायक | २ | |
| १८ | रिसेप्सनिष्ट | १ | |
| | जम्मा | ३८ | |

**हालको अस्पतालको सेवा भवन र जमिन**

- अस्पतालको आफ्नै जमिन १२ रोपनी १२ आना १ पैसा क्षेत्रफलमा फैलिएको छ।
- अस्पतालको तीन तलाको बहिरङ्ग, अन्तरङ्ग र इमर्जेन्सी सेवा भवन छ।
- निर्माण सम्पन्न भएपछि अस्पतालका कोठाहरु प्रयाप्त हुनेछन।
- चिकित्सक आवासगृह एक तला बनिसकेको अवस्था छ।
- अस्पतालका स्वास्थ्यकर्मीहरुको लागि आवासगृहको ब्यवस्था नभएको।
- अस्पतालमा एम्बुलेन्सको ब्यवस्था छ।

**मुख्य- मुख्य मेसिन तथा उपकरणहरु :**

- इमर्जेन्सी विभागमा Monitor, ECG machine, Nebulization machine ,Suction machine, O2 cylinder आदि छन ।
- अपरेसन बिभागमा OT Table OT light ventilator OT monitor ECG machine Anesthesia GA machine आदि छन ।
- प्रयोगशाला बिभागमा 3 part coulter machine Microscope Bio semi Auto Analyzer
- Electrolytes analyzer HBAIC Analyzer हरु छन।
- रेडियोलोजी बिभागमा USG B/W USG 3 probe color Doppler Digital X-ray machine हरु छन ।
- SNCU विभागमा Baby Radiant warmer Incubator/phototherapy CPAP Cardiac monitor baby Electric vacuum Extractor machine हरु छन ।
- अन्य मुख्य मेसिन तथा उपकरणमा Elect Beds Defibrillator Cardiac table blue Cardiac monitor Vacuum extractor, Refrigerator हरु छन ।

## कुल बजेट तथा खर्च विवरण

| क.स | बजेट वर्गीकरण | रकम | निकासा | खर्च |
|---|---|---|---|---|
| १ | पुजिगत | 46850000 | 46850000 | 43134853 |
| २ | चाल् | 42385195 | 42385195 | 39972227.60 |
| | जम्मा | 89232195 | 89232195 | 83107080.60 |

बेरुजु नभएको अवस्था छ ।

## प्रदेशबाट प्राप्त बजेट

| क.स | बजेट बर्गीकरण | रकम | निकासा | खर्च |
|---|---|---|---|---|
| १ | पुजिगत | 46850000 | 46850000 | 43134853 |
| २ | चालु | 29715000 | 29715000 | 27302032.60 |

| | | | | |
|---|---|---|---|---|
| | जम्मा | 76565000 | 76565000 | 70436885.60 |

**अस्पतालको गुणस्तर तथा सेवा सुदृढिकरण बजेट तथा खर्चः**

| क.स | विवरण | खर्च रकम रु २०७७/०७८ |
|---|---|---|
| १ | अस्पताल विकास समितिको वैठक संचालन र सामाजिक परिक्षण | 306590.00 |
| २ | अस्पतालमा Continue medical education कार्यक्रम संचालन | 128000.00 |
| ३ | अस्पताल तथा अस्पताल परिसरको सरसफाईको लागि ज्याला खर्च | 15000.00 |
| ४ | भौतिक संरचनाको मर्मत सुधार | 860957.00 |
| ५ | अस्पतालजन्य फोहोर मैला व्यवस्थापन तथा संक्रमण रोकथाम | 62150.00 |
| ६ | अस्पतालको लागि अत्यावश्यकिय विद्युत, खानेपानी तथा ढल निकास व्यवस्थापन | |
| ७ | क्लिनिकल सेवा विस्तार एवं औजार उपकरण खरिद | 702716.00 |
| ८ | अस्पतालमा फार्मेसी स्थापना, संचालन तथा सुदृढीकरण | |
| ९ | अस्पतालको स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली सुदृढीकरण | 233006.00 |
| १० | विरामीहरुका लागि अन्य सेवा सुविधाहरु सुदृढीकरण गर्न । | 279081.00 |
| ११ | अस्पतालमा सोलार व्याकअप जडान | |
| | जम्मा | 2587500.00 |

## Hospital management committee:

| Description | |
|---|---|
| 1. Number of meetings held in 2077/78 | 17 |
| 2. Financial information | Amount NPR |
| 2.1 Balance @ end Asad 2077 | 118254.59 |
| 2.2 Income | 32741417.28 |
| 2.3 Expenses | 35118200.07 |
| 2.4 Balance @ end Asad 2078 | -2258528.20 |
| Any donation | |

## Hospital Beds

| **Description** | **Total** |
|---|---|
| Sanctioned Beds | 25 |
| Operational Beds | 25 |
| Total inpatient beds including maternity | 25 |
| Emergency Department | 5 |
| Pediatric | 5 |
| SNCU | 5 |

## Available Hospital services

consultant services:

Obst/Gynae, pediatric, Orthopedic, Radiology, Anesthesiology


1. General OPD
2. Pediatric OPD
3. Obst/Gynae OPD
4. Ortho OPD

- Emergency services (24 hours Doctor available)
- Patient observation in Emergency

Indoor

- Maternity
- SNCU and pediatric
- General medicine case
- LSCS operation (emergency and routine)
- Ortho
- Investigation / Diagnostic services
  X-Ray, ECG, USG, Laboratory
- pharmacy
- Social Health security (health insurance) started at phalgun 2073
- Via test
- PMTCT test
- Safe abortion
- public health programs as Immunization, Family planning, CBIMNCI, ANC, Breast care and counselling, TB, PMTCT,


## अस्पतालका मुख्य विभागहरु :





## तथ्याङ्क तथा सुचनाहरुको प्रस्तुति

| SN | Description | 073/074 | 074/075 | 075/076 | 076/077 | 077/078 | Trend |
|---|---|---|---|---|---|---|---|
| 1 | Master Registered patient | 8234 | 11866 | 18493 | 21142 | 22666 | + |
| 2 | Total Number of OPD | 5918 | 8695 | 14209 | 15040 | 12734 | - |
| 3 | Total Number of Emergency Cases | 363 | 637 | 3579 | 3792 | 2437 | - |
| 4 | Total Number of Inpatients Discharged | 363 | 637 | 818 | 822 | 1079 | + |
| 5 | Total Number of Lab tests | 23123 | 46308 | 59365 | 86133 | 91990 | + |
| 6 | No of Normal spontaneous | 115 | 300 | 436 | 428 | 468 | + |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | Delivery | | | | | | |
| 7 | Forcep/vaccume | 12 | 17 | 24 | 12 | 5 | - |
| 8 | No of C/S Delivery | 41 | 95 | 128 | 134 | 236 | + |
| 9 | Total Deliveries | 168 | 412 | 588 | 574 | 709 | + |
| 10 | Referral Cases (**Out**) Total | 1005 | 1110 | 1456 | 1880 | 1256 | - |
| 11 | Total Maternal Deaths | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 12 | Still birth macerated | 2 | 1 | 0 | 1 | 1 | |
| 13 | Still birth fresh | 0 | 1 | 1 | 1 | 4 | + |
| 14 | Other Hospital death | 0 | 0 | 0 | 0 | 0 | |
| 15 | Health insurance patient | 926 | 3099 | 7503 | 10826 | 12952 | + |






## Investigation services

| SN | particulars | 073/74 | 074/75 | 075/076 | 076/077 | 077/78 |
|---|---|---|---|---|---|---|
| 1 | X-Ray | 332 | 715 | 1012 | 1037 | 714 |
| 2 | USG | 1043 | 2685 | 3844 | 3888 | 5639 |
| 3 | ECG | 171 | 239 | 355 | 685 | 813 |

अनुसन्धानात्मक सेबाहरुको कमश बृध्दि हुदै गएको अबस्था छ ।

## Laboratory services

| Year | Parasitology | Bacteriology | virology | Hematology | Biochemistry | Immunology | Total |
|---|---|---|---|---|---|---|---|
| 073/74 | 1679 | 141 | 1203 | 7730 | 10759 | 1611 | 23123 |
| 074/75 | 3501 | 296 | 3688 | 12601 | 23351 | 2871 | 46308 |
| 075/076 | 4578 | 321 | 1686 | 26897 | 22185 | 3698 | 59365 |
| 076/077 | 5662 | 126 | 3523 | 45389 | 28006 | 3427 | 86133 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 077/078 | 4554 | 241 | 3310 | 50939 | 28627 | 3541 | 91990 |

अस्पतालका प्रयोगशाला सेबाहरु हरेक आ.ब. मा अत्यधिक बृध्दि हुदै गएको अबस्था छ।

## Hospital Indicators

| SN | Indicators | Calculation | 2073/74 | 074/075 | 075/076 | 076/077 | 077/078 |
|---|---|---|---|---|---|---|---|
| 1 | Total OPD visit as % of total population | 22666/25905 | 33 | 45 | 71 | 81 | 84 |
| 2 | % of Emergency visit among total Hospital visit | 2437/22666 | 21 | 22 | 19 | 18 | 10.75 |
| 3 | Bed occupancy rate | | 21 | 36 | 51 | 32 | 27 |
| 4 | Delivery conducted as % of expected livebirth | 709/542*100 | 35 | 76 | 100 | 100 | 100 |
| 5 | Average length of stay | 1734/822 | 2 days | 2.05 | 2.25 | 2.10 | 2.1 |
| 6 | Death rate among inpatients | | 0 | 0 | 0 | 0 | 0 |
| 7 | No. of CAC/PAC service | | 40 | 60 | 82 | 46 | 98 |
| 8 | Throughput | 1107/25 | 40 | 69 | 90.1 | 60 | 44.28 |
| 9 | Bed turnover Interval | 365-(2.10*44.28)/44.28 | 7.125 | 3.24 | 1.80 days | 3.98 | 6.14 |
| 10 | Doctor Inpatient ratio | 1079/10 | 52 | 71 | 91 | 82 | 107.9 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 11 | Doctor OPD patient ratio | 12734/10 | 845 | 966 | 1579 | 1504 | 1273.4 |
| 12 | Nurses Inpatient ratio | 1079/20 | 26 | 45.5 | 58 | 41 | 53.95 |
| 13 | Patient sex ratio in Inpatient | 718/104 | 1:3.59 | 1:6.86 | 1: 11.39 | 1:7 | 1:5.64 |

## OPD Morbidity FY 2077/078

| MATRI SHISHU MITERI (Bataulechaur) HOSPITAL, Kaski | |
|---|---|
| Data / Period | Shrawan 2077 to Asar 2078 |
| OPD-Morbidity-Surgical Problems-Not mentioned Above & Other | 2758 |
| OPD-Morbidity-Cardiovascular & Respiratory Related Problems-Hypertension | 2091 |
| OPD-Morbidity-Other Diseases & Injuries-Gastritis (APD) | 527 |
| OPD-Morbidity-Cardiovascular & Respiratory Related Problems-COPD | 311 |
| OPD-Morbidity-Other Diseases & Injuries-Abdominal pain | 286 |
| OPD-Morbidity-Orthopedic Problems-Backache(Muskuloskeletal Pain) | 239 |
| OPD-Morbidity-Orthopedic Problems-Falls/Injuries/Fractures | 178 |
| OPD-Morbidity-Other Diseases & Injuries-PUO | 163 |
| OPD-Morbidity-Other Diseases & Injuries-Headache | 74 |
| OPD-Morbidity-Cardiovascular & Respiratory Related Problems-Bronchial Asthma | 33 |
| OPD-Morbidity-Orthopedic Problems-Arthritis-Osteo Arthrosis | 23 |
| OPD-Morbidity-Cardiovascular & Respiratory Related Problems-Other Cardiovascular Problems | 20 |
| OPD-Morbidity-Other Diseases & Injuries-Nephrotic Syndrome | 9 |

| | |
|---|---|
| OPD-Morbidity-Surgical Problems-Cholecystitis | 9 |
| OPD-Morbidity-Surgical Problems-Haemorrhoids/Piles | 8 |
| OPD-Morbidity-Other Diseases & Injuries-Burns & Scalds | 6 |
| OPD-Morbidity-Surgical Problems-Hernia | 6 |
| OPD-Morbidity-Surgical Problems-Hydrocele | 6 |
| OPD-Morbidity-Orthopedic Problems-RTA | 4 |
| OPD-Morbidity-Other Diseases & Injuries-Insect/Wasp Bite | 4 |
| OPD-Morbidity-Surgical Problems-Appendicitis | 4 |
| OPD-Morbidity-Orthopedic Problems-Osteo Arthrosis | 3 |
| OPD-Morbidity-Other Diseases & Injuries-Chronic Renal Failure | 3 |
| OPD-Morbidity-Surgical Problems-Cholelithiasis | 3 |
| OPD-Morbidity-Cardiovascular & Respiratory Related Problems-ischemic heart disease | 2 |
| OPD-Morbidity-Orthopedic Problems-Rheumatoid Arthritis | 2 |
| OPD-Morbidity-Surgical Problems-Anal Fissure | 2 |
| OPD-Morbidity-Surgical Problems-Breast Lumps (Adenoma) | 2 |
| OPD-Morbidity-Cardiovascular & Respiratory Related Problems-Cardiac Failure | 1 |
| OPD-Morbidity-Other Diseases & Injuries-Cirrhosis Liver | 1 |
| OPD-Morbidity-Surgical Problems-Anal Fistula | 1 |
| OPD-Morbidity-Surgical Problems-Mastitis (Ignored Breast/Breast Abscess) | 1 |


## Top Ten Inpatient Morbidity and Mortality

| **Morbidity 2077/78** | **Mortality 2077/78** |
|---|---|
| Top 10 Diseases among inpatients | Top ten Mortality among inpatients |
| 1 NNJ- 121 | |
| 2. NNS- 42 | |

| | |
|---|---|
| 3. Viral fever-29 | |
| 4. AGE- 24 | |
| 5. UTI-20 | |
| 6. LRTI- 9 | |
| 7. pneumonia- 7 | |
| 8. MAS-7 | |
| 9. COPD-3 | |
| 10. URTI- 3 | |

**Deliveries classified by caste/Ethnicity 077/78**

| **Deliveries by caste/ethnicity** | | **Number of Delivered** |
|---|---|---|
| 1 | Dalit | 165 |
| 2 | Janjati | 294 |
| 3 | Madhesi | 11 |
| 4 | Muslim | 1 |
| 5 | Brahmin/chhetri | 235 |
| 6 | other | 3 |
| | Total | 709 |




**बिशेष प्राथमिकता साथ सम्पन्न भएका कार्यहरु**

- चिकित्सक आवासगृहको भुईनतला निर्माणकार्य सम्पन्न भएको छ ।
- बिरामीहरुलाई माथिल्लो तलामा जान र्‍याम्प निर्माण भैरहेको छ ।
- नबजातशिशुको बिशेष  उपचार सेबा सन्चालनमा आएको छ ।
- प्रयोगशाला कक्षको ब्यवस्थापन तथा गुणस्तर सुधार भएको छ  ।
- अस्पतालको  माथिल्लो तला थपको निर्माणकार्य सम्पन्न भएको छ ।
- अस्पतालको बाहिर निस्कने गेटको निर्माण कार्य सम्पन्न भएको छ ।
- आबश्यक औजार उपकरण ब्यबस्थापन भएको छ ।
  ओ.टी. टेबुल,लाईट, जी.ए मेसिन, एन.आई.सि.यु. उपकरण, एक्सरे मेसिन,युएस जी मेसिन
- समुदायमा आधारित नबजात शिशु र बालरोगको एकिकृत ब्यवस्थापन ( समितिबाट बालरोग बिशेषज्ञको ब्यवस्थापन)
- फोहरमैला ब्यवस्थापन
- अस्पतालको गुरुयोजना निर्माण
- ई हाजिरी ब्यवस्थापन

**कार्यालयको प्रथामिकतामा रहेका कार्यक्रमहरु**

आमा सुरक्षा, समुदायमा आधारित नवजात शिशु र बालरोगको एकिकृत ब्यवस्थापन, परिवार नियोजन, ईर्मजेन्सी, ओ.पी.डी, इण्डोर, खोप, फार्मेसी, प्रयोगशाला, एक्सरे, भिडियो एक्सरे आदि ।

**समग्र कार्यहरुको प्रमुख उपलब्धीहरु**

- कोभिड १९ को महामारी भएपनि अस्पतालका सेवाहरु नियमित
- स्वास्थ्य बीमा संग संबन्धित बिरामीहरु बृध्दि
- गुणस्तरिय सेवा
- सेवाग्रहीहरु अस्पतालको सेबाबाट सन्तुष्ट भएको अनुसन्धान प्रतिबेदनको निष्कर्ष ।
- अस्पतालको गुरुयोजना तयार
- क्यान्टिन ब्यवस्थापन
- जोखिमपुर्ण अवस्थामा पनि निर्माण कार्यको सम्पन्नता ।
- स्थानिय नागरिकको स्वास्थ्य संस्थामा सेवा लिएको संख्या बृध्दि ।

**समस्या र चुनौतिहरु**

- मेडिकल सुपरिन्टेण्डेन्ट ( स्त्रीरोग बिशेषज्ञ ) को दरबन्दी रिक्त
- मेडिकल अधिकृत ४ जना दरबन्दीमा १ जनामात्र कार्यरत
- बालरोग बिशेशज्ञको दरबन्दी पुर्ति हुन नसकेको

**समस्या र चुनौतिहरु सामना गर्न गरिएका प्रयासहरु**

अस्पताल ब्यवस्थापन समितिले अस्पतालको सेवाको मागलाई ब्यवस्थित गर्न मेडिकल सुपरिन्टेण्डेन्ट( स्त्री रोग बिशेषज्ञ) र बालरोग बिशेषज्ञको स्थायी दरबन्दी रिक्त भएपनि आफ्नै श्रोतबाट स्त्रीरोग बिशेषज्ञ १ जना र बालरोग बिशेषज्ञ १ जना नियुक्त गरी सेवा सुचारु गर्दै आएको छ । त्यस्तै प्रयोगशाला तर्फ १ जना ल्याब टेक्नोलोजिष्ट र १ जना ल्याब असिष्टेन्ट समिति तर्फबाट नियुक्ति गरी चौबिसै घण्टा प्रयोगशाला सेवा ब्यवस्थापन गरेको छ । त्यस्तै फार्मेसी तर्फ सरकारी दरबन्दी १ जना मात्र भएकोमा चौबिसै घण्टा फार्मेसी सेवा सन्चालनको लागि थप ३ जना फार्मेसी सुपरभाइजरको ब्यवस्थापन गरेको छ । त्यस्तै नबजात शिशुको विशेष उपचार कक्षको सेवा नियमित गराउन अतिरिक्त नर्सिङ जनशक्तिको ब्यवस्थापन गरेको छ ।

**सिकिएका पाठहरु**

अस्पतालका सबै सरोकारवालाहरु, स्थानिय जननिर्वाचित प्रतिनिधि, नागरिक समाज प्रबुध्द बर्ग लगायत महिला तथा समाजसेवी सहितको एक्यबध्दताले अस्पतालका आवश्यकता ब्यवस्थापन गर्न बल मिलेको छ । आगामी दिनमा पनि सबैको सहयोग नियमित रही अस्पताल सुधारको एजेण्डामा एक्यबध्द भई अगाडी बढन सके अस्पताल ब्यवस्थापनमा थप सुधार आउने छ ।

**आगामी कार्य योजनाहरु**

- ढल निकासको व्यवस्था ।
- शुद्ध पिउने पानीको व्यवस्था (भित्र र बाहिर) ।
- खोपकेन्द्रको व्यवस्थापन ।
- जिप्सन मर्मत ।
- भवनमा रंग रोगन गर्ने ।
- कम्पाउण्ड बाहिर नाला माथि सल्याव राख्ने ।
- भान्साघरको निर्माण ।
- लिफ्टको व्यवस्था ।
- प्रसुति वार्ड जाने करिडोरमा च्यानल गेट राख्ने ।
- भुईतलामा पुनः विद्युतीकरण गर्ने ।
- ५० शैयाको अस्पताल बनाउन जग्गाको व्यवस्थापन ।
- Visitor का लागि कपडा धुने र बस्ने ठाउको व्यवस्था गर्ने ।
- कपडा सुकाउने ठाउको व्यवस्था ।
- बाल वगैचाको व्यवस्था ।
- स्टोरको व्यवस्थापन ।
- OT, ICU, SNCU मा डाईरेक्ट फोनको व्यवस्था ।
- प्रत्येक वार्डमा स्टोरको व्यवस्था ।
- Nursing Stations व्यवस्थापन ।
- Record Section को व्यवस्थापन ।
- Bio-gas को व्यवस्थापन ।
- Paying Clinic को व्यवस्थापन ।
- EMR plan को व्यवस्थापन ।
- आवश्यक फर्निचरको व्यवस्थापन ।
- आवश्यक तालिमको आयोजना गर्ने ।
- पुस्तकालयको व्यवस्थापन ।
- तालिम कक्षको व्यवस्थापन ।
- अस्पतालबाट प्रकाशित गरिने स्मारिकाको व्यवस्थापन ।


- सामाजिक लेखा परिक्षण र सुनुवाई ।
- विशेषज्ञ सहितको जनशक्तिको व्यवस्थापन ।
- विभिन्न राष्ट्रिय, अन्तराष्ट्रिय र स्थानिय संघ सस्था सग समन्वय राखी कार्यक्रम गर्ने ।
- सरसफाई सम्वन्धि कार्यक्रमको आयोजना ।
- फिजिसियन चिकित्सकको व्यवस्था ।
- अबलोकन भ्रमणको ब्यवस्था ।
- माथिल्लो तलामा ट्रस सहित फिनिसिङ ।
- दोस्रो तलामा बिद्युतिकरण र फर्निचर ।
- अस्पताल भवन पछाडिको भागमा बगैचा सहित केहि समय पर्खिने बस्ने ब्यवस्था

**निष्कर्ष**

अस्पतालमा ब्यापक सुधारको अवस्थामा छ । अस्पतालको सेवाग्राहीको संख्यामा भारी बृध्दि भएको छ । अस्पतालको कोभिड वार्ड सन्चालनमा आएको छ । दोस्रो र तेस्रो तलामा फिनिसिङ तथा मर्मत भएको छ । नबजात शिशुको बिशेष उपचार सेवा जेष्ठ २०७७ बाट सन्चालनमा आएको छ । अस्पतालको बिगतका ५ बर्षहरुमा क्रमस सुधार आई सेवा बिस्तार भएको छ । स्थानिय नागरिकहरुको स्वास्थ्य संस्था प्रति विश्वास बढि रहेको देखिएको छ । आन्तरिक ब्यवस्थापन प्रभावकारी हुदै गएको देख्न सकिन्छ ।

## अस्पतालका केहि तस्विरका झलकहरु



# अक्सिजन प्लान्ट उद्घाटन कार्यक्रम





# कोभिड उपचार कक्ष समुद्घाटन






मानिय गण्डकी प्रदेश मन्त्री श्री कुमार खड्का ज्यूसंग अस्पतालका बारेमा अन्तरक्रिया ।








**British Ambassador and DFID Advisor visit in the Hospital**





Hospital team discussion with Honorable British Ambassador and DFID Advisor

**SNCU UNIT WITH DR AND STAFF.**




EARLY WARNING AND REPORTING SYSTEM
EWARS
अभिमुखीकरण
कार्यक्रम


MOTHER AND NEONATE BABY

**OUR DHAULAGIRI HOSPITAL VISIT WARM WELCOME HOSPITAL CHAIR PERSON OF US AND COMMUNICATE**




**PHOTO CLICK ON BRITISH AMBASSADOR AND DGID ADVISOR AFTER ENDING THE HOSPITAL VISIT.**

